नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# राजस्व अनुसन्धान विभाग

हरिहरभवन, पुल्चोक
ललितपुर

## प्रेस विज्ञप्ति

**मितिः- २०७८।०८।२३**

राजस्व अनुसन्धान विभागबाट निम्न विवरण सहितको राजस्व चुहावट सम्बन्धी मुद्दा उच्च अदालत, पाटन, ललितपुरमा मिति २०७८।०८।२३ मा दायर गरिएको छ।

१. **अभियुक्तको विवरणः** जिल्ला सिन्धुपाल्चोक, लिसंखुपाखर गाउँपालिका वडा नम्बर ७ स्थायी वतन भई हाल जिल्ला काठमाडौं, बुढानिलकण्ठ नगरपालिका वडा नम्बर २ ठेगाना भएका सत्यम शिवम कन्सट्रक्सन प्रा.लि (स्था.ले. नं. ६०५९३७५९२) का संचालकद्वय रामकुमार प्याकुरेल र संगीता कुमारी झा ।

२. **कसुरको संक्षिप्त विवरणः** सत्यम शिवम कन्सट्रक्सन प्रा.लि (स्था.ले. नं. ६०५९३७५९२) ले वस्तु तथा सेवा खरिद नै नगरी झुठ्ठा तथा नक्कली मु.अ. कर विजक मात्र खरिद गरी मूल्य अभिवृद्धि कर र आयकर समेतको राजस्व चुहावटको कसूर गरेको देखिएको ।

३. **कायम भएको विगो र सजायको मागदाविः** राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३ ले निषेधित साविक दफा ४ को उपदफा (क), (ख) र (घ) तथा (पहिलो संशोधन) को दफा ४ को उपदफा (क), (ग) र ( झ) वमोजिमको कसुर गरेको पुष्टी हुन आएकोले सोही ऐनको दफा २(छ१) हुन आउने मु.अ.कर तर्फ रु.**१६,७७,३३४।-**, आयकर तर्फ रु. **२९,४२,९८२।-** र आयकर तर्फ रु.**४,५५,८७७।-** समेत जम्मा हुन आउने कुल विगो रु. **५०,७६,१९३।- (अक्षेरुपी पचास लाख छयहत्तर हजार एक सय त्रियानव्वे रुपैया मात्र)** राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) (पहिलो संशोधन) ऐन, २०५२ को दफा २३(१) बमोजिम निजबाट विगो **रु. ५०,७६,१९३।-** असुल गरी सोही ऐनको दफा २३(१) बमोजिम कायम भएको विगोको शत प्रतिशत **रु. ५०,७६,१९३।-** जरिवाना तथा दफा २३(१)(ग) बमोजिम हदैसम्मको ३ वर्षसम्म कैद सजायको मागदावी गरी यो अभियोग पत्र दायर गरिएको छ ।

| सि.नं. | प्रतिवादी | विगो | सजाय हुने विगो | सजायको माग दावी |
|---|---|---|---|---|
| १ | • रामकुमार प्याकुरेल<br>• संगीता कुमारी झा | ५०,७६,१९३।- | ५०,७६,१९३।- | १,०१,५२,३८६।- |

**सूचना अधिकारी**
**राजस्व अनुसन्धान विभाग**